# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।०८।०३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौंमा कार्यरत कम्प्युटर अपरेटर भाग्य नारायाण झाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिने सेवाग्राहीहरुलाई लामो अवधिसम्म लाईनमा बस्दा समेत श्रम स्वीकृति नदिई लाईनमा नबस्ने सेवाग्राहीहरूलाई काम छिटो गर्ने नाममा कार्यालय परिसर लगायत सो वरिपरि रहेका विचौलिया तथा फुटपाथ पसले लगायतका व्यक्तिहरूसँग मिलेमतो गरि घुस रिसवत लिई भ्रष्टाचार गरेको भन्ने विषयमा News 24 टेलिभिजनमा "सिधा कुरा जनतासँग" कार्यक्रमको ईपिसोड १३३ (युट्युबमा समेत) मिति २०७४।०६।३१ गते बेलुका प्रशारण भएको र सोको भिडियो रेकर्ड समेत आयोगमा प्राप्त हुन आएको उजुरी एवम् निवेदनका आधारमा अनुसन्धान हुँदा निजले घुस बापत विभिन्न व्यक्तिहरूबाट जम्मा रु. २८,५००/- (अठ्ठाईस हजार पाँच सय) लिएको देखिन आएकोले निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) एवम् सोही दफाको उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन तथा लिएको रिसवत जफत हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता